
Quality Protein Maize (QPM) मकैको खेती गर्ने उचित सल्लाह
१
सुन्नुमा आउँदा! यसपाली कृषि विभागले असल मकैको विजन (Quality Protein Maize) वितरण गर्ने अरे! यसबारे के जानकारी दिनुहुन्छ? सर!
मेहनती कृषक
२
कृषि विभागले सधैं झैं यसपाली पनि कृषकहरूको फाइदाहको निम्ति उन्नत जातका मकैको विजन वितरण गर्ने बाँजो मिलाएको छ। त्यसमाथि यो पाली अत्यन्त बेसी उपज हुने Quality Protein Maize -को विजन सित्तैमा बाड्नेछ, त्यसको साथमा मल, औषधी र अरू अनुदानहरू पनि दिनेछन्।
विभागीय अधिकारी
३
मलाई त यो मकैको खेतीमा त्यति फाइदा लाग्दैन तरै पनि यसो फोकटेमा पाएको विजन त हो, लिनु पर्लो तर खेतमा नलगाई खानुपर्छ। ट्रेनिङमा त त्यसै बसे जस्तो गर्नु पर्‍यो पैसा पाइहालिन्छ।
क्षुब्द र अल्छे कृषक
४
अरे! तिमी जस्तो बुझ्ने मान्छेले यस्तो कुरा गरेपछि अरूले के गर्लान्? विभाग र राज्यले यत्रो सहायता दिँदादिँदै, हामी पछि किन हट्नु? आखिर फाइदा हामीलाई नै हुन्छ त्यही पनि सित्तैमा।
उन्नतीशील कृषक
५
साथी हो! विभागको यत्रो सहयोग हुँदाहुँदै तपाईंहरू किन यस्तो गाल पर्ने काम सोच्नु हुन्छ। फाइदा त तपाईंहरूकै हो। यहाँ एकजना दाईले मकैको खेतीमा फाइदा हुँदैन भन्नुहुन्छ, सायद उहाँलाई मकैको बारेमा याद छैन होला। यो सुन जस्तो अनाजले आज यदि अनिकाल परे हामी सबैलाई रक्षा गर्नेछ। यसको पूरा खेती गर्ने विधि सिके हामीले धेरै मकै उमार्नु सक्नेछौं र राज्यलाई अघाडि लान सक्नेछौं। फेरि विभागले मकैको खेती सिक्नको लागि तपाईं जस्तै कृषक दाज्यू - भाइहरूलाई राज्य बाहिर भ्रमणमा लानेछ औ तक्निकी प्रशिक्षण दिनेछ। यो एउटा सुनौलो मौका हो।
विभागीय अधिकारी
सबै विधिहरू सिकेपछि...
६
यो सबै विधि र कुरा असल तरिकाले जान्नु पाएँ, सिक्नु सकें र यो पाली विजन लगाएर धेरै पैसा कमाउने विचार छ मेरो।
सचेत कृषकमा परिणत भएको क्षुब्द र अल्छे कृषक
अन्तमा!
७
विभागले तालिम दिएको खण्डमा राम्ररी खेती गर्नुहोस्।
विशेष जानकारीको लागि कृषि विभाग अथवा भीएलडब्ल्यू सेन्टर ( VLW Centre ) मा सम्पर्क गर्नुहोस्!।
विभागीय अधिकारी
८
यो पाली त मकैको प्रचुर उत्पादन भएको खण्डमा हामी सबै परिवार खुशी छौं है!
सुखी परिवार
सौजन्य : विस्तार एवं तालिम शाखा, खाद्य एवं कृषि विकास विभाग, सिक्किम सरकार, कृषि भवन, तादोङ-७३७१०२